दर्ता नं. २०११६९/०७५/०७६

"सामुहिक पहिचानका लागि सामुहिक लगानी"
(२५ मेगावाटको सेतीनदी जलविद्युत आयोजना)

# भिजन लुम्बिनी ऊर्जा कम्पनी लि.
# VISION LUMBINI URJA COMPANY LTD.

रजिष्टर्ड कार्यालय : बुटवल-६, गुरुद्वारापथ, रुपन्देही
कर्पोरेट कार्यालय : बुद्धनगर-१०, काठमाडौं

च. नं. 64-083-084

मिति : २०८३/०६/३०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरप्लाजा, भद्रकाली, काठमाण्डौ ।

विषय : **आठौं बार्षिक साधारण सभा सम्बन्धी जानकारी तथा सो साधारण सभाको प्रयोजनका लागी शेयर दर्ता किताब बन्द (Book Close) रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयको सम्बन्धमा यस भिजन लुम्बिनी उर्जा कम्पनी लि.को मिति २०८३/०६/३० गते दिउसो ३:३० मा बसेको सन्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि आह्वान गरिएकोले उक्त वार्षिक साधारण सभा प्रयोजनका लागी २०८३ कार्तिक १६ गते कम्पनीको शेयर दर्ता किताब बन्द (Book Close) रहने व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै सो सम्बन्धी सुचना २०८३/०६/३१ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिका *बुटवल टुडे*मा प्रकाशित गरिने व्यहोरा तहाँको जानकारीको लागी अनुरोध गर्दछु ।

साधारण सभा सम्बन्धि प्रकाशित हुने सूचनाको मस्यौदा यसैसाथ संलग्न गरिएको छ ।

**सभा हुने मिति, स्थान तथा समय :**

| | |
|---|---|
| मिति | : २०८३ मंसिर ०३ गते, बिहिवार तदनुसार (नोभेम्बर १९, २०२६) |
| स्थान | : दियालो फुडल्याण्ड कालिकानगर प्रा.लि, बुटवल, रुपन्देही |
| समय | : विहान ०९:०० बजे |

**सभामा छलफल गरिने प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे,

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को बार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८३ को वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, शेयर पुंजीमा भएको परिवर्तन लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु) उपर छलफल गरी पारित गर्ने बारे,

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८३/०८४ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४. सन्चालक समितिबाट प्रस्ताब गरिएको हाल कायम रहेको चुक्ता पूजी रु १,९१,२५,००,०००.०० (एक अर्ब एकानब्बे करोड पच्चिस लाख रूपैंया मात्र ) को ३.६८४२ प्रतिशतले हुन आउने रु ७०,४६०,५२६.३२ (सात करोड चार लाख साठी हसार पाँच सय छब्बिस रूपैंया बत्तिस पैसा) बराबरको रकम शेयरधनीहरुलाई प्रचलित कानून बमोजिम कर कट्टी

गरी नगद लाभांश वितरण गर्न स्वीकृत तथा अनुमोदन गर्ने सम्बन्धमा । जसमध्ये ०.१८४२ प्रतिशतले हुन आउने रु ३५,२३,०२६.३२ (पैंतिस लाख तेइस हजार छब्बिस रूपैंया बत्तिस पैसा मात्र) कर प्रयोजनका लागि विनियोजन हुने ।

भवदीय,

.....................

यम कुमार के.सी.

**कम्पनी सचिव**

VISION LUMBINI URJA COMPANY LTD.
BUTWAL, RUPANDEHI

**बोधार्थ**

१. श्री नेपाल धितोपत्र बोर्ड ।

२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

३. श्री विद्युत नियमन आयोग

४. श्री विद्युत विकास विभाग

५. श्री मुक्तिनाथ क्यापिटल लि., नक्साल, काठमाडौं ।